# अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७

**नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) मा नेपाल राष्ट्र बैंक बाणिज्य बैंक तथा वित्तीय संस्थाको "बैंक तथा अन्तिम ऋणदाताको रुपमा समेत रहेको र अन्तिम ऋणदाताको रुपमा सोही ऐनको दफा ४९ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले आफ्नो भूमिका निर्वाह गर्न नीतिगत व्यवस्था बनाई लागू गर्न वाञ्छनीय भएकोले नेपाल राष्ट्र बैंकको संचालक समितिले देहायको नीतिगत व्यवस्था गरेको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो नीतिगत व्यवस्थाको नाम *"नेपाल राष्ट्र बैंक अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७"* रहेको छ ।

(२) यो नीतिगत व्यवस्था नेपाल राष्ट्र बैंकको संचालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ । नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०६७।१२।७ को ११५४ औं बैठकबाट स्वीकृत भई लागू भएको ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस व्यवस्थामा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले ऐन बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंकको संचालक समिति सम्झनु पर्छ ।

(घ) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(ङ) "बैङ्क" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

(च) "वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (२), (३) वा (४) बमोजिमको कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैङ्क, वित्त कम्पनी वा लघु वित्त विकास बैङ्क समेतलाई जनाउँछ ।

(छ) "अन्तिम ऋणदाता" भन्नाले इजाजतपत्रप्राप्त संस्थालाई ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) बमोजिम राष्ट्र बैंकले ऋण प्रदान गर्ने कार्य सम्झनु पर्छ ।

(ज) "सुरक्षण" भन्नाले ऐनको दफा ४९ को उपदफा (१) बमोजिमको जायजेथा सम्झनु पर्छ ।

३. **उद्देश्य** : देहायका अवस्थालाई सम्बोधन गर्नु यस नीतिगत व्यवस्थाको उद्देश्य हुनेछ :-

(क) बैंक वा वित्तीय संस्थाका ग्राहकबाट कुनै पनि कारणले ठूलो परिमाणमा निक्षेप झिक्ने कार्य भई त्यस्तो बैंक वा वित्तीय संस्था आफ्नो तत्कालको दायित्व पूरा गर्न सक्षम नभएमा ।

(ख) बैंक वा वित्तीय संस्थामा निहित प्रणालीगत जोखिममा वृद्धि भई कुनै एक बैंक वा वित्तीय संस्थाको समस्या वा असरले अन्य स्वस्थ संस्थाहरु धरासायी हुने अवस्था आएमा ।

(ग) बैंक वा वित्तीय संस्थाले प्रतिवद्धता जनाई सकेको कर्जा प्रवाह गर्न असफल भई त्यसको नकारात्मक असर अर्थ व्यवस्थामा पर्न गएमा ।

(घ) बैंक वा वित्तीय संस्था असफल भएको कारणबाट उत्पन्न हुने प्रतिकूल प्रभावलाई सम्बोधन गर्दै सर्वसाधारणको बैंकिंग प्रणाली प्रतिको विश्वसनियता कायम राख्न वाञ्छनीय भएमा ।

(ङ) नेपाल सरकारले अवलम्वन गरेको कुनै नीतिका कारणबाट बैंकिंग व्यवसायमा पर्ने नकारात्मक प्रभावलाई सम्बोधन गरी भय वा त्रासको अवस्थालाई सामान्य पार्न आवश्यक देखिएमा ।

(च) कुनै पनि प्रकारको प्राकृतिक प्रकोपको कारणले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो दायित्व भुक्तान गर्न सक्षम नभएमा ।

(छ) बैंक वा वित्तीय संस्थाले आफूसंग बजारयोग्य सम्पत्ति नभएको कारणबाट आफ्नो दायित्व पूरा गर्न नसकी वित्तीय प्रणालीप्रतिको विश्वसनीयता कायम राख्न आवश्यक देखिएमा ।

४. **अन्तिम ऋणदाता सम्बन्धी व्यवस्था प्रयोग हुने अवस्था** : देहायका कुनै वा सबै अवस्थामा अन्तिम ऋणदाता व्यवस्थाको प्रयोग हुन सक्नेछ :-

(क) दफा ३ मा उल्लिखित एक वा एकभन्दा बढी कारणबाट इजाजतपत्रप्राप्त संस्थाले आफ्नो दायित्व पूरा गर्न सक्षम नभएमा र त्यस्तो संस्था खारेजीमा लैजाँदा अर्थ व्यवस्था तथा वित्तीय प्रणालीमा नकारात्मक प्रभाव पर्न सक्नेमा राष्ट्र बैंक विश्वस्त भई समितिले अन्तिम ऋणदाताको कार्य गर्ने निर्णय गरेमा ।

(ख) नेपाल सरकारले लिएका नीतिका कारणबाट बैंकिंग प्रणालीमा नकारात्मक प्रभाव पर्न सक्ने भई इजाजतपत्रप्राप्त संस्थाले आफ्नो दायित्व पूरा गर्न सक्षम नभएमा ।

(ग) बैंक वा वित्तीय संस्थाले प्रतिवद्धता जनाई सकेको कर्जामा अवरोध सृजना भई अर्थ व्यवस्था धरासायी हुने खतरा देखी नेपाल सरकारद्वारा अन्तिम ऋणदाताको भूमिका निर्वाह गर्न अनुरोध भएमा ।

(घ) दफा ३ मा उल्लिखित एक वा एकभन्दा बढी कारणबाट आफ्नो दायित्व पूरा गर्न सक्षम नभएको कारण देखाई इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिले अन्तिम ऋणदाताको कार्य गर्न राष्ट्र बैंक समक्ष अनुरोध गरेकोमा त्यस्तो अनुरोध मनासिव देखिएमा ।

५. **योग्यता** : देहायका कुनै वा सबै अवस्थामा बैंक वा वित्तीय संस्था यो सुविधा उपयोग गर्न योग्य हुन सक्नेछ:-

(क) बैंक वा वित्तीय संस्थाको संचालक समितिले बैंकको पुनरुत्थान (रिभाइभ) गर्न कार्य योजना पेश गरेको अवस्थामा राष्ट्र बैंक उक्त कार्य योजना प्रति विश्वस्त भएमा ।

(ख) बैंक वा वित्तीय संस्था दीर्घकालमा स्वस्थ ढंगले संचालन हुनसक्ने (भायविलिटी) कुरामा राष्ट्र बैंक विश्वस्त भएमा ।

६. **अन्तिम ऋणदाताको रुपमा उपलब्ध गराएको कोषको भुक्तानी अवधि** : अन्तिम ऋणदाताको रुपमा उपलब्ध गराइएको कोषको भुक्तानी अवधि देहाय बमोजिमको समयसीमाभित्र हुनु पर्नेछ :-

(क) समितिले ऐनको दफा ४९ को उपदफा (२) को अधिनमा रही निर्धारण गरे बमोजिमको समयसीमा ।

(ख) दफा ४ को खण्ड (ख) मा अन्तिम ऋणदाताको रुपमा कार्य गर्न नेपाल सरकारले समयसीमा समेत तोकी अनुरोध गरेको अवस्थामा ऐनको दफा ४९ को उपदफा (२) को अधिनमा रही समितिले निर्णय गरे बमोजिमको समयसीमा ।

७. <u>धितो सुरक्षण</u> : अन्तिम ऋणदाताको रुपमा कार्य गर्न राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाको वासलातमा देखाइएका सम्पत्तिलाई विश्वासको आधारको रुपमा लिई ऐनको दफा ४९ को उपदफा (१) बमोजिमका जायजेथालाई सुरक्षणको रुपमा लिनेछ ।

८. <u>प्रकृया</u> : (१) देहायको प्रकृया पूरा गरी बैंक वा वित्तीय संस्थालाई अन्तिम ऋणदाता सुविधा उपलब्ध गराइने छ :-

(क) बैंक वा वित्तीय संस्थाको संचालक समितिले यस व्यवस्था अन्तर्गत आवश्यक पर्ने रकम र सो को भुक्तानी योजना सम्बन्धी निर्णय गरी राष्ट्र बैंक समक्ष अनुसूची -१ को ढाँचामा निवेदन दिनु पर्नेछ, र

(ख) बैंक वा वित्तीय संस्थाले अनुसूची -२ बमोजिमको ढाँचामा गरेको तमसुक र/वा अनुसूची -३ को ढाँचामा जारी गरेको प्रतिज्ञापत्र संस्थाको प्रमुखले सहिछाप गरी राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम तमसुक र/वा प्रतिज्ञापत्र पेश गर्दा सो तमसुक र /वा प्रतिज्ञापत्रलाई खाम्ने रकम वरावरको ऐनको दफा ४९ को उपदफा (१) बमोजिमका जायजेथा र/वा सुरक्षणपत्रको प्रमाण सो तमसुक र/वा प्रतिज्ञापत्र साथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थालाई दिइने रकम तत्कालको आवश्यकता हेरी राष्ट्र बैंकबाट एकै पटक वा पटक/पटक गरी दिइनेछ ।

९. <u>ऋण कोषको ब्याजदर</u> : अन्तिम ऋणदाता सुविधाको व्याजदर बैंकदरलाई मानिने छ ।

१०. <u>नीतिगत व्यवस्था उपर संशोधन</u> : अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने यस नीतिगत व्यवस्थालाई समष्टीगत अर्थ व्यवस्थामा आउने परिवर्तनले वित्तीय प्रणालीलाई पार्ने प्रभावको मूल्यांकन गरी आवश्यकतानुसार समितिले संशोधन गर्न सक्नेछ ।

११. <u>बचाउ</u> : यस सम्बन्धमा यस अघि गरिएका व्यवस्थालाई यसै नीतिगत व्यवस्था बमोजिम भए गरेको मानिने छ ।

अनुसूची -१

*(निवेदनको नमूना)*

मितिः २०६.. । .. । ..

**श्रीमान् कार्यकारी निर्देशकज्यू,**
**नेपाल राष्ट्र बैंक,**
**बैंकिंग कार्यालय,**
**थापाथली, काठमाण्डौं ।**

**विषयः अन्तिम ऋणदाता सुविधा उपलब्ध गराउने सम्बन्धमा ।**

महोदय,

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) बमोजिम राष्ट्र बैंकले ऋण प्रदान गर्ने कानुनी व्यवस्था तथा मिति मा राष्ट्र बैंकद्वारा जारी नीतिगत व्यवस्था अनुसारको अन्तिम ऋणदाता सुविधा यस बैंक/वित्तीय संस्थालाई आवश्यक परेको हुँदा निम्न बमोजिमका कागजात संलग्न गरी अन्तिम ऋणदाता सुविधा प्राप्त गर्न यो निवेदन दिएको व्यहोरा अनुरोध गर्दछु/छौं ।

१. अन्तिम ऋणदाता सुविधा अन्तर्गत माग भएको रकम :

२. सुरक्षण वापत राखिने धितो विवरण :

३. उपरोक्त ऋण चुक्ता गरिने मिति :

उपरोक्त सुविधाको सांवा र व्याज उल्लिखित मिति भित्रै भुक्तानी गरिनेछ । कथंकदाचित भुक्तानी नभएको खण्डमा यस बैंकको नेपाल राष्ट्र बैंकमा रहेको जुनसुकै खाता खर्च गरेर वा अन्य तरिकाले असुल उपर गर्न मेरो/हाम्रो मञ्जुरी रहेको व्यहोरा अनुरोध गर्दै यसमा कुनै किसिमको फरक परेमा प्रचलित कानुन बमोजिम सहन बुझाउन तयार भएको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

**सम्बन्धित बैंक तथा वित्तीय संस्थाको छाप** ............................ **सम्बन्धित बैंक वा वित्तीय संस्था लिमिटेडको तर्फबाट**

**दस्तखत :**
**नाम :**
**पद :**
विभाग/कार्यालय :

अनुसूची -२

*<u>(तमसुकको नमूना)</u>*

लिखितम धनीका नाम का.जि. का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे सो रकम ऋण लिने ............ केन्द्रीय कार्यालय रहेको................... बैंक/वित्तीय संस्था लिमिटेडको तर्फबाट सो बैंक/वित्तीय संस्थाका .................................. ले नेपाल राष्ट्र बैंकबाट अन्तिम ऋणदाता सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ............................................... .............. मात्र) कर्जा लिएको ठिक साँचो हो । उक्त कर्जा लिएको रकम बापत ऋणीले आफ्नो देहायको धितो सुरक्षण तथा अन्तिम ऋणदाता सुविधा उपयोग गर्ने सम्बन्धमा गरेको तमसुक र/वा प्रमिसरी नोट धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमका शर्तहरु र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको शर्तको पालना गर्नेछौं । उक्त शर्तहरु पालना नगरेमा प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर हुन/गर्न बैंक वा वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

<u>तपसिल</u>

क. <u>धितोको विवरण</u>

ख. <u>शर्तहरु:</u>

१. बढीमा .... महिना अवधिका लागि मात्र यो अन्तिम ऋणदाता सुविधा प्रदान गरिएको छ ।

२. अन्तिम ऋणदाता सुविधा बापत राष्ट्र बैंकलाई वार्षिक सयकडा .... प्रतिशतका दरले व्याजसहित एकमुष्ट रुपमा साँवा व्याज बुझाउनु पर्नेछ ।

३. निर्धारित समयभित्र साँवा व्याज भुक्तान नगरेमा भुक्तान हुन बाँकी रकममा सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम व्याजदरको आधारमा नै पेनाल व्याजदर कायम गरी राष्ट्र बैंकले ऋणीको कुनै पनि खाता खर्च गरी रकम असुल उपर गर्न सक्नेछ ।

४. अन्तिम ऋणदाता सुविधा उपभोग गरेको साँवा/व्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा राष्ट्र बैंक स्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असूलउपर गरि लिन र सो को खर्च गर्ने अख्तियारी राष्ट्र बैंकलाई दिइएको मानिनेछ । यस उपर कुनै उजुरी वा दावि लाग्ने छैन ।

५. धितोको रुपमा राष्ट्र बैंकलाई दिईएको तमसुकमा उल्लिखित विवरणको सम्पूर्ण जिम्मेवारी .............................. को हुनेछ ।

६. राष्ट्र बैंकले प्रदान गरेको अन्तिम ऋणदाता सुविधाको सम्बन्धमा समय समयमा मागेका बखत तोकिएको म्यादभित्र ऋणीले तोकिएको विवरण उपलब्ध गराउनु पर्नेछ ।

७. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी राष्ट्र बैंकको हुनेछ ।

८. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सो बमोजिम नभएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र प्रचलित कानून बमोजिम आवश्यक कारवाही हुनेछ ।

| | |
|---|---|
| **नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियारप्राप्त व्यक्ति** | **.........बैंक/वित्तीय संस्थाको तर्फबाट** |
| **दस्तखत :** | **दस्तखत :** |
| **नाम :** | **नाम :** |
| **पद :** | **पद :** |
| **छापः** | **छाप :** |
| **विभाग/कार्यालय :** | **विभाग/कार्यालय :** |

ईति सम्बत् २० .. साल ............ महिना .......गते रोज ....... शुभम्

अनुसूची -३

(अन्तिम ऋणदाता सुविधा उपयोग गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाको लेटरप्याडमा)

**अन्तिम ऋणदाता सुविधाको लागि प्रतिज्ञापत्र (Promissory Note) को नमूना**

...................., केन्द्रीय कार्यालय रहेको ..................... बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा ४९ को उपदफा (२) ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकबाट आजका मितिमा रु. ........... .......... (अक्षरेपि ............................................ ............. मात्र) अन्तिम ऋणदाता सुविधा प्राप्त गरेको ठीक साँचो हो । राष्ट्र बैंक वा सो बैंकले आदेश गरेको पक्षलाई मिति ..................मा .......... प्रतिशत वा नेपाल राष्ट्र बैंकले तोकेको व्याजदरले हुन आउने व्याज रकम र सावाँ रकम रु. ........... .......... (अक्षरेपि ............................................ ............. मात्र) तिर्न बुझाउन ...................... बैंक/वित्तीय संस्था लिमिटेड प्रतिज्ञा गर्दछ र उल्लिखित मितिमा नतिरेमा वा नबुझाएमा नेपाल राष्ट्र बैंकले जुनसुकै तरिकाले असुलउपर गरी लिएमा यस बैंक/वित्तीय संस्थाको मन्जुरी छ भनी सो संस्थाको तर्फबाट अख्तियारप्राप्त म/हामी यो प्रतिज्ञापत्रको लिखतमा दस्तखत गर्दछु/छौं ।

.........बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

विभाग/कार्यालय :

ईति सम्बत् २० .. साल ........... महिना .......गते रोज ....... शुभम्